कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः २ मितिः २०८०।०५/२०

## विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०५/१७
प्रमाणिकरण मितिः २०८०/०५/२०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) र अनुसूची ८ मा व्यवस्था भए बमोजिम एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) को दफा (११)

को उपदफा (२) को खण्ड "ज" को बुदा नं. १० ले व्यवस्था गरे बमोजिम गाउँपालिकाको काम,कर्तव्य र अधिकारको प्रयोग गरी कपुरकोट गाउँकार्यपालिकाले **"विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०"** स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **"विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०"** रहनेछ।

ख. यो कार्यविधि कपुरकोट गाउँपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क. "कार्यविधि" भन्नाले **"विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०"** सम्झनुपर्छ ।

ख. "मा. वि." भन्नाले ९– १०/९– १२ संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ग."आधारभूत (नि.मा.वि.)" भन्नाले ६– ८ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ।

घ."आधारभूत ( प्रा.वि.)" भन्नाले १– ५ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ङ. "व्यस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको वि.व्य.स.लाई सम्झनुपर्छ ।

च. "शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

छ. "शिक्षक छनौट समिति " भन्नाले यस कार्य विधिको नियम ८ (ग) बमोजिमको शिक्षक छनौट समितिलाई सम्झनुपर्दछ ।

ज. "प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

झ. "शिक्षक" भन्नालेविद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ रसो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।

ञ. "गा. पा." भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्छ ।

ट. "कर्मचारी" भन्नाले विद्यालयलाई सशर्त अनुदानबाट प्राप्त दरबन्दीमा कार्यरत  र तथा विद्यालय/गाउँपालिकाले  विद्यालयको आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक,कार्यालय सहयोगी, कम्प्युटर सहायक,लाइब्रेरियन, चौकीदार ,अनमी स्टाफ नर्स र स्वीपर (शौचालय सफाइकर्मी) लाई सम्झनुपर्छ ।

ठ. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावलीनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ड. "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्भनु पर्दछ ।

ढ. "गाउँ शिक्षा अधिकारी" भन्नाले गा.पा.को शिक्षा, यूवा तथा खेलकुद शाखाको प्रमुखलाई जनाउँदछ ।

ण. "विषयविज्ञ" भन्नाले आधारभूत तह (कक्षा १–८) र माध्यमिक तह (कक्षा ९– १२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गा.पा.शिक्षा शाखाबाट सूचिकृत भएका आधारभुत (प्राथमिक/निम्नमाध्यमिक) तह , माध्यमिक तहका शिक्षकहरुलाई समेत सम्झनुपर्छ ।

त. "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा निर्देशनालय लाई प्रसंग अनुसार सम्झनुपर्छ ।

थ. अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

३. उद्देश्यः

कपुरकोट गाउँपालिका भित्रका मा.वि.र आधारभूत (नि.मा.वि.र प्रा.वि) तह संचालित शुन्य र न्यून दरबन्दी भएका विद्यालयहरुको पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पुयाउन आवश्यक देखिएकोले दरबन्दी सृजना, दक्ष,योग्य शिक्षक छनौट तथा विद्यालयलाई अति आवश्यक कर्मचारीहरुको छनौट,सेवा, सर्त, सुविधा, काम कर्तव्य, अधिकार , पुरस्कार र सजाय

सम्बन्धी प्रावधानहरु स्पष्ट गर्ने उद्देश्यले **"विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०"** तर्जुमा गरिएको छ ।

## परिच्छेद २

## शिक्षक तथा कर्मचारीहरुको छनौट सम्बन्धि ब्यबस्था

४. शिक्षक तथा कर्मचारी अनुदान छनौट तथा वितरणः

कपुरकोट गाउँपालिकाले पालिका अनुदान शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिकको लागि विद्यालय छनौट गर्ने अनुदान रकम उपलब्ध गराउने कार्यको लागि निम्नानुसारको आधार र सामुदायिक विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०८० को अनूसूचि ३ को स्वमूल्याकंन फारमको मूल्यांङ्कन र शिक्षा समितिको सिफारिस र गाउँ कार्यपालिकाको निर्णयानुसार अनुदान वितरण हुनेछ ।

क) विगतका वर्षदेखि गाउँपालिका अनुदान पाईरहेका विद्यालयहरु वा यस आ.व.को हकमा अनुसूचि १ बमोजिमको आधारमा अनुदान रकम प्रदान गरिनेछ ।

ख) स्वीकृत दरबन्दीमा थप अनुदान उपलब्ध गराउने प्रयोजनका लागि अनुसूचि १ को (छ) बमोजिम हुनेछ ।

(ग) अन्यत्र जेसुकै लेखियतापनी उल्लेखित अनुदान रकम विद्यालयमा उपलब्ध वार्षिक अधिकतम् अनुदान हुनेछ। विद्यालयको विद्यार्थी संख्या अनुसार शिक्षा शाखाले तोकिएको सिमाभित्र रही अनुदान निकासाको आवश्यक कार्य गर्नेछ ।

(घ) गाउँपालिकाले दरबन्दी मिलानको कार्य नगर्दा सम्म वा कार्यपालिकाबाट नयाँ आधार तयार नभएसम्मका लागि शैक्षिकसत्र २०८० तथा आ.व.२०८०/०८१ को हकमा सबै विद्यालयहरुमा आ.व.२०७९/०८० को जम्मा वार्षिक तलब हिसाव अनुदानमा नघट्ने गरी एकमुष्ट अनुदान निकासा गरिनेछ ।

(ङ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट यस पालिकाभित्र रहेका २४ वटै सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या तथा प्राप्त शिक्षकको दरबन्दीको विवरण तयार पारी अनुसूचि १ मा उल्लेखित आधार बमोजिममा पर्ने विद्यालयहरुको सुची अनुसूचि २ बमोजिम तयार पारेर मात्र अनुदान निकासा गर्नु पर्नेछ ।

(च) विद्यालयमा निकासा गरिएको अनुदान के कस्तो कार्यमा खर्च गरिएको छ अनुगमन गर्ने तथा शिक्षक भर्ना गर्दा यसै कार्यविधि बमोजिम गर्न निर्देशन दिने तथा नियमानुसार शिक्षक भर्ना नगरेको भए सो भर्ना बदर गरी नियमानुसार गर्न परिपत्र गर्नुपर्नेछ ।

(छ) विद्यालयमा वितरण भएको अनुदानको खर्चको विवरण र सो संग सम्बन्धित कागजातका प्रमाणित प्रतिलिपिहरु प्रत्येक त्रैमासिकमा शिक्षा, युवा तथा खेलकुद शाखामा अभिलेख राख्नुपर्नेछ ।

ज) कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी अनुदान दिन सक्नेछ ।

झ) माध्यमिक विद्यालयहरुमा गाउँपालिकाको निर्णयानुसार लाइब्रेरियन १ चौकीदार १ कम्प्युटर शिक्षक १ र अनमी/स्टाफ नर्स १ र कार्यालय सहयोगी १ को दरबन्दी सिर्जना गरी अनुदान दिन सकिनेछ ।

(ञ) गाउँपालिकाबाट प्राप्त अनुदानलाई विद्यालयहरुले शिक्षण सिकाइका लागि अपुग दरबन्दी वा विषयका शिक्षकहरुको परिपुर्ती गर्न नियमानुसार शिक्षक भर्ना गर्ने वा सो विषय/ कक्षा को लागि उपलब्ध जनशक्ती लाई अतिरिक्त समयमा काममा लगाइ बालबालिकाको सिक्ने अवसर र वातावरणलाई सुनिश्चित गर्नु पर्नेछ ।

(ट) प्राप्त अनुदान बाट विद्यालयमा रहेका स्विकृत दरबन्दी/राहत/शिक्षण अनुदानका विषय बाहेक विद्यालयको आवश्यकता अनुसारका शिक्षक भर्ना गर्ने यसरी भर्ना गर्दा अनिवार्य विषयहरुका शिक्षकहरु पुगेपछी मात्र अन्य विषयका शिक्षकहरु राख सकिनेछ ।

(ठ) विद्यालयहरुले प्राप्त अनुदानबाट विद्यालयमै कार्यरत जनशक्तीबाट अतिरिक्त कक्षा, उपचारात्मक कक्षा सञ्चालन गर्नुपरेमा विद्यालय समयका अतिरिक्त समयमा प्रचलित दर रेटमा नबढ्ने गरी वि.व्य.स.को निर्णयानुसारको सेवा सुविधा पाउने गरी खर्च गर्न तथा विद्यालयमा कार्यरत बाहेक बाह्य जनशक्तीको प्रयोग गरी कक्षा सञ्चालन गर्नुपरेमा समेत दैनिक वा प्रति कक्षा दर वि.व्य.स. को निर्णय बमोजिम खर्च गर्न सकिनेछ।

५. शैक्षिक योग्यताः

क.दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धीत तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितमा तोकिए बमोजिम हुनेछ र कर्मचारीको हकमा प्रचलित नियमानुसार हुनेछ ।

६. उम्मेदवारको अयोग्यताः

देहायका व्यक्तिहरु शिक्षक तथा कर्मचारीको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्नेछैनन्

क. गैरनेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

ग. मगज बिग्रेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. शिक्षकको हकमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

ज. माथि जे सुकैकुरा लेखिएको भएपनि निम्न माध्यमिक र माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयको हकमा र अंग्रेजी माध्यमबाट अध्यापन गराउने विद्यालयहरुमा थप शिक्षकहरुको पुर्ति गर्नको लागिअध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको

व्यक्ति दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि दोस्रो पटकको विज्ञापनमा उम्मेदवार हुन योग्य मानिने छन् ।

७. पदपूर्तिः

गाउँपालिकाबाट शिक्षक तथ कर्मचारीको लागि प्राप्त एकमुष्ठ अनुदानको रकम प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिले गठन गरेको शिक्षक छनौट समितिले अंग्रेजी, विज्ञान र गणित विषयलाई प्राथमिकता दिई अन्य विषयको हकमा विद्यालयको आवश्यकतानुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुर्याइ छनौट गर्नु पर्नेछ ।

क. विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर,परीक्षा हुने मिति किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्द्र) दिनको म्याद राखी शिक्षक छनौट समितिले विज्ञापन प्रकाशन गर्नेछ । उक्त विज्ञापन गा.पा.को सूचनापाटी तथा वडा कार्यालय विद्यालय र सार्वजनिक स्थलहरुमा र सभंव भएमा स्थानीय पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ ।

ख. नियम २ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गरिनेछ ।

ग. विद्यालयमा गाउँपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछः

१. विद्यालय व्यवस्थापन समिति अध्यक्ष – संयोजक

२. छनौट समितिले तोकेको विज्ञ – न्युनतम १ जना र आवश्यकता अनुसार २ जनासम्म(गाउँपालिकाले सूचिबद्ध गरेको विज्ञ सूचिमा उल्लेखित विषय विज्ञ/समन्वय इकाइले सूचिकृत गरेको विषय विज्ञ)

३. शिक्षा शाखाको प्रमुख वा प्रतिनिधी– सदस्य

४. प्रधानाध्यापक – सदस्य सचिव

५.उल्लेखित समितिमा सम्बन्धित क्षेत्रको विज्ञ – २ जना सम्मलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

घ. नियम ७(ग) बमोजिम गठित शिक्षक छनौट समितिमा मनोनीत सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पुरा गरी विद्यालय समक्ष शिक्षक नियुक्तिको सिफारिस नगरे सम्म हुनेछ ।

ङ. नियम ७ ग (३) को प्रयोजनका लागि शिक्षा शाखाले विषय विशेषज्ञको सुचि अद्यावधिक गरि राख्नुपर्नेछ ।

च. गाउँपालिकाको शिक्षा शाखाले प्रत्येक २ वर्षको चैत्र मसान्त भित्र विषय विज्ञको सुची अद्यावधिक गर्नेछ । तर पहिलो पटकको लागि भने आवश्यक परेको समयमा विज्ञहरुको सुची अद्यावधिक गर्न सकिनेछ । यो निर्देशिका कार्यान्वयन हुनुपूर्व र यस निर्देशिका बमोजिम विज्ञहरुको सुची अद्यावधिक नहुदै शिक्षक पदपुर्ती गर्नुपरेमा शिक्षा विकास तथा समन्वय इकाइमा अद्यावधिक भएका विज्ञका सुचीलाई प्रयोग गर्न सकिनेछ ।

छ. विषय विज्ञमा सुचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षकले आफ्ना शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, तालिम तथा अध्यापन पत्रको प्रतिलिपि, स्थायी नियुक्तीको प्रतिलिपि र एक प्रति प्रश्नपत्रको नमूनासहितको निवेदन शिक्षा शाखामा पेश गर्नु पर्नेछ । विषय विज्ञ छनौटका आधारहरु शिक्षा शाखाले तोके बमोजिम हुनेछ।

ज. शिक्षक छनोट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परिक्षाको केन्द्र सम्बन्धित विद्यालयमै रहनेछ तर सुरक्षा ,निष्पक्षता सम्बन्धमा गाउँपालिकालाई शंका लागेमा गाउँपालिकामा राख्न यस नियमले कुनै वाधा पुर्याउने छैन ।शिक्षक तथा कर्मचारी छनोट गर्दा संचालन गर्नुपर्ने प्रयोगात्मक परिक्षाको केन्द्र ल्याब भएको स्थानमा राख्न सकिनेछ ।

झ. शिक्षक तथा कर्मचारी छनोट समितिको सचिवालय विद्यालयमा रहनेछ ।

ञ. आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक तथा कर्मचारी छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

ट. माध्यमिक तहकोविज्ञलाई आधारभूत तहको विज्ञका रुपमा पनि प्रयोग गर्न सकिनेछ ।

८ . शिक्षक तथा कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी परीक्षा लिने ।

ख. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसारप्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

घ. उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरे त्यतिको नाम मात्र प्रकाशन गर्ने ।

ङ. सफल र वैकल्पीक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

च. सफल र बैकल्पिक उम्मेदवारहरुको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ।

छ. शिक्षकको सेवा सर्त र सुविधा सम्बन्धि विषयमा गा.पा./वि.व्य.स.लाई सुझाव दिने ।

ज. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

९. परीक्षा, संचालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्थाः

क . विषयगत विज्ञापन भएता पनि विषयगत र विद्यालयगत प्रतिस्पर्धा हुने गरी तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकैचोटि गाउँपालिकामा गर्न सकिनेछ ।

ख. शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क १००, अन्तरवार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।

ग. लिखित परीक्षाका लागि आवश्यक प्रश्न पत्र परीक्षा संचालन हुनु भन्दा बढीमा १ घण्टाअगाडी विषय विज्ञबाट तयार गर्न लगाउनु पर्नेछ ।

घ. नियम ७ (ग) अनुसारको प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यको रोहबरमा गोप्य रुपमा फोटोकपी गरी परीक्षा संचालन गरिनेछ ।

ङ. शिक्षा शाखाको प्रतिनिधीको रोहवरमा सम्बन्धीत परीक्षा केन्द्र वा गाउँपालिकाको हाताभित्र सम्बन्धीत विषय विज्ञ वा रोष्टरमा सुचिकृत विषय विज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

च. उत्तरपुस्तिकाहरुमा कोडिङ, डिकोडिङ गर्ने कार्य प्रधानाध्यापक वा शिक्षा शाखा प्रतिनिधिले गर्नेछन् ।

छ. अन्तरवार्ताको अकं विभाजन आयोगले स्थायी शिक्षक छनौटका लागि तोकेअनुसार हुनेछ ।

ज. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनु पर्दछ ।

झ. परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा उम्मेदवारका बिच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सुचिबाट हटाउन सकिने छ ।

ञ. परीक्षा संचालनको खर्च व्यवस्था सम्बन्धमाः समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु १०००।– भन्दा बढि पारिश्रामिक लिन पाउने छैन । साथै एउटा विज्ञापन नं. को शिक्षक तथा कर्मचारीको परीक्षा तथा सिफारिस गर्न ३ बैठक भन्दा बढि बस्न पाइने छैन । तर केन्द्राध्यक्षको पारिश्रमिक प्रश्न पत्र निर्माण, मोडरेशन, उत्तर पुस्तिका परिक्षण / सम्परीक्षण वापत समितिले तोकेको/प्रचलित नियम अनुसारको पारिश्रामिक दिन सकिनेछ । विद्यालयलाई कम भन्दा कम खर्च पर्ने गरी विव्यसले सबै कामको न्युनतम पारिश्रमिक तोक्न सक्नेछ ।

ट. उम्मेदवारहरुले शिक्षक छनौट समितिले तोकेको शुल्क विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ । यसरी भएको आम्दानीको रकमलाई परीक्षा सञ्चालन सम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ । परीक्षा सम्बन्धी शुल्कबाट जम्मा भएको रकमले शिक्षक छनौट परीक्षा संचालनका लागि प्रचलित नियम अनुसारको रकम नपुग भएमा विद्यालयले स्वीकृत नियम अनुसार अस्थायी करार , निजी स्रोत, शिक्षक छनौट खर्चमा छुट्याएको बजेटबाट खर्च गर्न सक्नेछ ।

ठ. शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा शिक्षा समितिले जुनसुकै बेलामा पनिअनुगमन गरी समितिलाई आवश्यक सुझाव दिन सक्नेछ।

१०. नियुक्तिः– गाउँपालिकाको अनुदानबाट शिक्षक तथा कर्मचारीहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछः

क. शिक्षक तथा कर्मचारी छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक शैक्षिक वर्षको लागि करारको रुपमा विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिनेछ । नियुक्ति प्रदान गर्दा निजसँग अनिवार्य करार सझौता गरी शिक्षा

शाखामा उपलब्ध गराउनु पर्नेछ। साथै शिक्षा शाखामा अभिलेखीकरणका लागि सम्पुर्ण कागजपत्रहरु फाइलिङ गरी बुझाएर अभिलेख राखिएको जानकारी विद्यालयमा राख्नु पर्नेछ । अभिलेख नजनाइएको शिक्षक तथा कर्मचारीको अनुदान दिन गाउँपालिका जिम्मेवार हुनेछैन

ख. गाउँपालिकाले शिक्षक तथा कर्मचारी अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को शैक्षिक वर्षका लागि विद्यालय व्यवस्थापन समितिले नियुक्तिको म्याद थप गर्न सक्नेछ । तर एक पटकमा एक शैक्षिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन् । यसरी म्याद थप गर्दा विद्यालयले अनुदानको सुनिश्चितताको पश्चात वा प्राप्त भएको अनुदानको आधारमा मात्र थप गर्नु पर्नेछ ।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ती दिनेछ।

घ. अनुदानको रकम बाट शिक्षक तथा कर्मचारी राख्ने सन्दर्भमा निश्पक्षता तथा योग्यता लगायत कुनै कुरामा कैफियत देखिएमा गाउँ शिक्षा समितिले उक्त अनुदान रोक्न वा फिर्ता लिन सक्नेछ ।

ङ. गाउँपालिकाले शिक्षक तथा कर्मचारी नियुक्ती सम्बन्धमा कुनै कैफियत देखिएमा वा प्रमाणित भएमा विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापकलाई नियमानुसार कारवाही गर्न, पुन परीक्षा सञ्चालन गर्न छनौट प्रक्रिया खारेज गर्न तथा अनुदान रोक्का राख्न सक्नेछ ।

च) यसरी नियुक्त शिक्षक तथा कर्मचारीको सेवा सुविधाको निरन्तरताको लागि गाउँपालिकामा कुनै थप आर्थिक दायित्व रहनेछैन ।अनुदान रकम बाहेकको अन्य दायित्व नियुक्त गर्ने विद्यालयको हुनेछ ।

छ) माथि जे सुकै लेखिए तापनि गाउँपालिकाबाट प्रदान गरिने अनुदान रकमको सदुपयोगको सम्बन्धमा गाउपालिकाले थप नियमहरु बनाउन बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद ३
## काम कर्तव्य र अधिकारहरु

११. कर्मचारिका काम,कर्तव्य र अधिकारहरु:

गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको काम कर्तव्य अधिकार निम्नानुसार हुनेछ ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने ।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइनेछैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

ज. यसमा उल्लेख नभएका कार्यहरु  शिक्षा ऐन र शिक्षा नियमावली अनुसार गर्ने गराउने ।

१२. तलब भत्ताः

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षक तथा कर्मचारीले  विद्यालय व्यवस्थापन समितिले तोके अनुसारको तलब भत्ता शिक्षण सिकाई सहयोग अनुदानका रुपमा मासिक वा चौमासिक रुपमा पाउनेछन् । तलब भत्ता प्रकाशित विज्ञापनको सूचनामा भन्दा कम हुनेछैन । शिक्षक तथा कर्मचारीको तलब भत्ता निर्धारण गर्दा गाउँपालिकाबाट प्राप्त अनुदान रकम भन्दा कम नहुने गरी प्राप्त हुने अनुदानको सदुपयोग हुने गरी विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा तलब भत्ता पाउनेछन । संघीय निकायबाट प्राप्त हुने भनिएको रकम निकासा नभएमा गाउँपालिका सो अनुदान दिन वाध्य भएको मानिनेछैन

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिमको रकम चाँडपर्व खर्च वापत पाउनेछन् । यसरी दिइने रकम एक महिनाको तलब भन्दा बढि हुने छैन ।

ग. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिमको पोषाक भत्ता पाउनेछन् ।

घ. माथि जेसुकै लेखिएको भएतापनि विद्यालयले आन्तरिक कोषबाट नेपाल सरकारको तलबमान भन्दा बढी नहुने गरी रकम थप गर्न बाधा पुर्याएको मानिनेछैन ।

१३. विदाः

क. शिक्षक तथा कर्मचारीले वर्ष भरीमा भैपरि ६ दिन, पर्व ६ दिन,बिरामी १२ दिन र क्रिया विदा शिक्षा नियमावलीनुसार १५ दिन तथा सुत्केरी विदा अघि वा पछि ६० दिन र प्रसूति स्याहार विदा १५ दिन सेवा अवधि भरिमा २ पटक पाउनेछन ।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन।

घ. विदा सहुलियत हो अधिकार होइन ।

१४. आचारसंहिताः गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क. नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएकोआफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

ख. विद्यार्थी र शिक्षक बिच मित्रवत रुपमा व्यवहार कायम गर्नुपर्नेछ ।

ग. आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिनुपर्नेछ ।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

ङ पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,ताला बन्दी गर्ने,शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाता भित्र धुम्रपान , सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन् ।

ज. मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइनेछ ।

ट. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४

## सजाय तथा पुरस्कार सम्बन्धि ब्यबस्था

१५. सजायः

उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

१६. नसिहत दिनेः शिक्षक तथा कर्मचारीले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

१७. तलब रोक्का गर्नेः देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीको तलब रोक्का गर्न सकिनेछ र सो को जानकारी शिक्षा शाखामा अविलम्ब दिनुपर्नेछ।

क. अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

ग. बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

छ. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा ।

ज. विद्यालयको गोपनियता भंग गरेमा ।

झ.यस कार्यविधिमा उल्लेखित आचारसंहिताकोपालना नगरेमा ।

१८.आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्नेः

गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षक तथा कर्मचारीले जानाजानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनैहानि– नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पूरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

१९. निश्चित समयको लागि निलम्बन गर्नेः

गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षक तथा कर्मचारीलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीलेनिश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

२०. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः

२०.१. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म अनुपस्थितको कारणले गयल भएमा ।

घ. विद्यालयलाई हानी नोक्सानी हुने कार्य बारम्बार गरेमा ।

ङ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा ।

छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

ज. मगज विग्रेमा ।

झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

२०.२. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

२१. सफाईको अवसर दिनुपर्नेः

क. सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षक तथा कर्मचारी लाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।सजायको आदेश दिने अधिकारीले सजाय गर्नुपर्ने मनासिव कारण निजले दिएको सफाइको समेत व्यहोरा खुल्ने गरी गाउँपालिकाको शिक्षा शाखामा जानकारी यथाशिघ्र पठाउनु पर्नेछ ।

२२.सजाय गर्ने अधिकारीः

गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षक तथा कर्मचारीलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. शिक्षकलाई चेतावनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने प्र. अ. ।

ख. तलब रोक्का गर्ने प्र. अ.को सिफारिसमा विद्यालय व्यवस्थापन समिति ।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने प्र. अ.को सिफारिसमा विद्यालय व्यवस्थापन समिति

२३.पुरस्कारः

उत्कृष्ट सिकाई उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाई क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षक तथा कर्मचारीहरुलाई गाउँपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

२४.दरवन्दी पुनरावलोकनः

गाउँपालिकाले यस पालिका भित्रका विद्यालयहरुमा शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान र थपघट निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

२५.कक्षा मिलान र विद्यालय गाभ्नेः

गाउँपालिकाले निर्देशिका बनाई विद्यार्थी सङ्ख्या,दरबन्दी,भुगोल लगायतका आधारमा नियम २४ बमोजिम निर्देशिका बनाई कक्षा मिलान र विद्यालयहरु गाभ्न सक्नेछ ।

## परिच्छेद ५

## विविधः

२६. संशोधन गर्न सक्ने :

यस "**विद्यालयमा शिक्षण सिकाइ सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८०**" मा समयानुसार थपघट गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

२१. निरन्तरता दिन सक्ने :

पालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार विद्यालयले निरन्तरता दिन सक्नेछ ।

२२. कार्यविधि बमोजिम हुने :

क.यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान कोटा प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्त गर्नुपरेमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ र ती शिक्षकका हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागु हुने छन् ।

ख. अन्यन्त्र जे सुकै कुरा लेखिएको भएपनि संघीय स्रोतबाट तलबभत्ता पाउने तथा स्वीकृत दरबन्दीको करार शिक्षक तथा कर्मचारी पुर्ति गर्ने प्रयोजनका लागि यस कार्यविधि अनुसार गरिनेछैन ।

घ. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा शिक्षा ऐन २०२८, शिक्षानियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

ङ. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा कपुरकोट गाउँ कार्यपालीकाको निर्णयानुसार हुनेछ ।

## अनुसूचि १

**१. विद्यालय छनोटका आधारहरु र अनुदान रकमः**

(क) बाल विकास कक्षाको हकमा यस अघि बाल विकास कक्षा सञ्चालन अनुमती प्राप्त गरेको तर शिशु शिक्षकको लागि संघिय सरकारबाट सर्शत बजेटबाट तलब भत्ता प्राप्त नभएको र शिशु कक्षामा कम्तिमा ५ जना विद्यार्थी भर्ना भएको विद्यालय हुनुपर्नेछ। जसका लागि वार्षिक एकमुष्ट रु २१८०००।अनुदान विद्यालयमा उपलब्ध गराउने ।

(ख) आधारभुत तह (कक्षा१-५) सञ्चालित विद्यालयको हकमा अनुमती प्राप्त भएको तर कुनैपनी दरबन्दी वा राहत अनुदान कोटा प्राप्त नगरेको र विद्यार्थी संख्या कक्षा १-५ सम्म जम्मा २० देखि ४० सम्म भर्ना भएको भए वार्षिक रु २४४०००। तथा सोही अनुसारको विद्यालय तर विद्यार्थी संख्या ४० भन्दा बढी भर्ना भएको भए वार्षिक रु ४८८०००।तथा प्राथमिक तहमा स्विकृत दरबन्दी वा राहत अनुदान १ मात्र प्राप्त गरेको तर १-५ कक्षामा जम्मा ३० भन्दा बढी विद्यार्थी भर्ना भए वार्षिक रु २४४०००। वार्षिक एकमुष्ट अनुदान विद्यालयमा उपलब्ध गराउने ।

(ग) आधारभुत तह (कक्षा ६-८) सञ्चालित विद्यालयको हकमा अनुमती प्राप्त भएको तर कुनैपनी दरबन्दी वा राहत अनुदान कोटा प्राप्त नगरेको तथा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी अपुग भएका बिद्यालयहरु हुनुपर्नेछ। जसका लागि शिक्षण सिकाइ अनुदानबाट

नियुक्त विषय दोहोरो नपर्ने गरी गणित,अंग्रेजी र विज्ञान विषय मध्ये कुनै एक विषयको शिक्षक व्यवस्थापनको लागि वार्षिक रुपमा शिषण सहयोग वापत एकमुष्ट रु २८३०००। अनुदान विद्यालयमा उपलब्ध गराउने ।

(घ) माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित विद्यालयको हकमा अनुमती प्राप्त भएको तर गणित, विज्ञान र अंग्रेजी विषयका लागि कुनैपनी दरबन्दी, राहत वा शिक्षण सिकाइ अनुदान कोटा समेत बाट ३ मध्ये कुनै १ विषय अपुग भएको विद्यालयहरुलाई गणित,अंग्रेजी र विज्ञान मध्ये कुनै १ विषयको शिक्षक पदपुर्ती भएको हकमा वार्षिक एकमुष्ट रु ५७७९५७। अनुदान विद्यालयमा उपलब्ध गराउने ।

(ङ) माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित विद्यालयको हकमा अनुमती प्राप्त भएको तर गणित, विज्ञान र अंग्रेजी विषयका अलाभा अन्य कुनै एक विषयमा शिक्षक व्यवस्थापन गर्न सक्ने गरी १ विषयका लागि न्युनतम् वार्षिक रु ३४८०००। मात्र अनुदान दिन सकिने यसरी लिने अनुदानमा कुनै विद्यालयले विषय शिक्षक नराखी कम्प्युटर सहायक/ल्याब कर्मचारी राख्न वि व्य.बाट निर्णय गरि आएमा वार्षिक रु २८३०००। अनुदान दिन सकिने छ तर यसरी राख्ने कर्मचारी दफा (च) बमोजिमका कर्मचारीसंग दोहोरो हुनेछैन ।

(च) आधारभुत तह कक्षा ६-८ तथा माध्यमिक तह ९-१२ सञ्चालन भएका सबै विद्यालयहरुलाई पुस्तकालय कर्मचारी/ल्याव कर्मचारी वा कम्प्युटर कर्मचारी/शिक्षक प्रयोजनको लागि वार्षिक एकमुष्ट रु १९२०००।अनुदान विद्यालयमा उपलब्ध गराउने ।

(छ) माथि उल्लेखित बुदाहरुमा उल्लेख अनुदान बाहेक कार्यपालिकाले अनुदान आवश्यकताका आधार घटाउन वा बढाउन बाधा पर्ने छैन ।

(ज) शिशु शिक्षक, विद्यालय कर्मचारी (लेखापाल),सामुदायिक अध्ययन केन्द्रका परिचालिका र कार्यालय सहयोगीको हकमा संघीय अनुदानबाट अपुग थप तलब चाडपर्व खर्च समेत निम्नानुसारको जम्मा रकममा नघटने गरी उपलब्ध गराइनेछ ।

**तपसील**

| क्र.सं. | विवरण | मासिक संघीय अनुदान | गा.पा.थप मासिक अनुदान | जम्मा मासिक रकम |
|---|---|---|---|---|
| १ | शिशु शिक्षक | १०००० | ६००० | १६००० |
| २ | विद्यालय कर्मचारी (लेखापाल) | १३५०० | ३५०० | १७००० |
| ३ | कार्यालय सहयोगी | ८००० | ७००० | १५००० |
| ४ | परिचालिका सिकाई केन्द्र | १०००० | ४००० | १४००० |

(ज) संघीय सरकारबाट शिक्षण सिकाई अनुदान वापत प्राप्त हुने अनुदान रकम शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको आधारमा वितरण गरिनेछ ।

## अनुसूचि २

**दफा ४ (ङ) को प्रयोजनको लागि विद्यालय सूची**

**क) स्वीकृत दरबन्दी विवरण**

| क्रस | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | | | | | जम्मा स्वीकृत शिक्षक /कर्मचारी दरबन्दी | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १-३ | ४-५ | ६-८ | ९-१० | ११-१२ | शिशु | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | विद्यालय कर्मचारी | कार्यालय सहयोगी |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

ख) शिक्षण सिकाइ अनुदान (संघीय )प्राप्त विद्यालय विवरण

| क्रस | विद्यालयको नाम | शिक्षण सिकाई अनुदान कोटा संख्या | | | कैफीयत |
|---|---|---|---|---|---|
| | | निम्न माध्यमिक | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | |
| | | | | | |

ग) गाउँपालिका अनुदान प्राप्त विद्यमान तथा थप शिक्षक तथा कर्मचारी विवरण

| क्रस | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थि संख्या | गाउँपालिका अनुदानबाट व्यवस्थापन गरिएका शिक्षक /कर्मचारी दरबन्दी | | | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शिशु | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक ९-१० | माध्यमिक ९-१२ | विद्यालय कर्मचारी | कार्यालय सहयोगी | अन्य कर्मचारी | |
| | | | | | | | | | | | | |

## घ) गाउँपालिका अनुदानबाट थप तलब भत्ता प्राप्त गर्ने शिक्षक कर्मचारीको विद्यालय गत विवरण

| क्रस | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थि संख्या | गाउँपालिका अनुदानबाट थप तलब भत्ता व्यवस्थापन गरिएका शिक्षक /कर्मचारी संख्या | | | | | | | | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शिशु | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक ९-१० | माध्यमिक ९-१२ | विद्यालय कर्मचारी | कार्यालय सहयोगी | अन्य कर्मचारी | |
| | | | | | | | | | | | | |

............................
आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत